# गोलन्जोर गाउँपालिका
# Golanjor Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati province, Nepal


मितिः२०७९।०४।१८

## सुचना । सुचना।। सुचना ।।।

प्रस्तुत वियमा यस गोलन्जोर गाउँपालिकाको आ.व.२०७९/०८० को गाउँ सभा बाट स्वीकृत आर्थिक ऐन २०७९ मा भएको ब्यवस्था बमोजिम यस गाउँपालिकाको वडा नं.३ को ग्वालटार हाट, वडा नं ५ को खनियाँखर्क हाट र वडा नं ७ को खुर्कोट हाटको बार्षिक कर संकलन गर्नू पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली २०६४ नियम ८४ बमोजिम न्युनतम बढाबढ हुने अंक ग्वाल्टार हाटको रू ३५,०००/-(अक्षरुपि पैतिस हजार),वडा नं.५ खनियाखर्क हाटको रु ३५,०००/- (अक्षरुपि पैतिस हजार ),वडा न.७ खुर्कोट हाट को रु ५०,०००/-(अक्षरुपि पचास हजार ) मा सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशित गरिएकोले यो सूचना प्रकाशित भएको ७ दिन भित्र ईच्छुक व्यक्ति, फर्म र कम्पनीले तपशिलका विवरण भरी गोप्य सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सार्वजनिक जानकारीको लागि यो सुचना प्रकाशित गरियको छ ।

<u>तपशिल</u>

१. सिलबन्दी दरभाउ पत्रको नमुना फर्म गाउँपालिकामा तोकिएको शुल्क तिरी खरिद गर्नु पर्ने छ।

२. सिलबन्दी दरभाउ पत्रमा बढावढ रकम अंक अक्षर दुबैमा अनिवार्य लेख्नु पर्ने छ ।

३. व्यक्ति फर्म वा कम्पनीको आवश्यक कागजातहरु, दस्तखत र फोन नं उल्लेख गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउ पत्र पेश गर्दा रीतपुर्वक पेश हुन आएको सिलबन्दी दरभाउ पत्रलाई मात्र मान्यता दिईने छ ।

५. तिनै हाटको लागि सिलबन्दी दरभाउ पत्र पेश गर्ने व्यक्ती फर्म कम्पनीले छुट्टा छुट्टै दरभाउ पत्र पेश गर्नु पर्ने छ ।

**नोटः अन्य जानकारीको लागि यस गाउँपालिकाको फोन नं ०४७-६९१९३२, ०४७-६९२०२५ मा सम्पर्क गर्नु होला साथै कार्यालयमा खुलेको समयमा सोधपुछ गर्न सकिने समेत अनुरोध छ ।**

नि. प्रमुख प्रशासकीय अधिकृत

# गोलन्जोर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## ग्वालटार, सिन्धुली
## बागमती प्रदेश,नेपाल

## भवन भाडामा लगाउनेसम्बन्धी कार्यको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०३।२२**
**तेस्रो पटक प्रकाशित मिति : २०७९।०४।१८**

गोलन्जोर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, ग्वालटार-३, सिन्धुलीले निम्न उल्लेखित संरचनाहरु भाडामा लगाउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा संस्था एवं व्यक्तिले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही तोस्रो पटकको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु. १०००।- (रु एक हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी )यस गाउँपालिकाबाट खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले रु १०।- को टिकट टाँसी नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का(इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै ऱ्यापटिङ्ग संचालनको निम्ति सम्बन्धित निकायबाट जारी भएको इजाजत प्रमाणपत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२: ०० बजे भित्र यस गाउँपालिकामा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे यस गाउँपालिकामा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रहोबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिका खुलेको दिन दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।
५. दरभाउपत्र खाम बाहिर दरभाउपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।
६. जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको सिद्धार्थ बैक ग्वालटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. ०२११५०८२७४५ मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।
७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
८. एउटा फर्म वा व्यक्ति को नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्ति को नाममा दाखिला गर्न पाइने छैन ।
९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।
१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्र दाता स्वयमले बुझाउनुपर्नेछ ।
११. ऱ्यापटिङ्ग संचालनको निम्ति भाडामा लिने फर्म वा संस्थाले अनिवार्यरुपमा ऱ्यापटिङ्ग संचालन गरेको हुनुपर्नेछ ।
१२. कुनै सर्त राखी पेश गरेको दरभाउ उपर कारवाही हुनेछैन ।
१३. ठेक्काको अवधि आपसी सम्झदारीमा अधिकतम ५ बर्षसम्मको हुनेछ ।
१४. सुचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको दरभाउपत्र फारममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएकोदरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।
१५. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
१६. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | संरचनाको विवरण | न्यूनतम बोल कबोल अंक (१२ महिना अवधिको लागि) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/८० | भवन भाडामा लगाउने(ऱ्यापटिङ्ग संचालनको निम्ति खुर्कोट र बलेनीमा निर्मित संरचना) सम्बन्धी कार्य | खुर्कोट:<br>१. क्याफे भवन: (किचन स्टोर ८'-०"x १३'-६" ,किचन १०'-४"x १३'-६" डाइनिङ्ग २७'-६"x १३'-६" )<br>२. चेनजिङ्ग भबन: (जेन्स चेनजिङ्ग रुम १०'-०"x १०'-०" , लेडिज चेनजिङ्ग रुम १०'-०"x १०'-०" , जेन्स ट्वाइलेट ११'-९"x १०'-०" र लेडिज ट्वाइलेट ७'-९"x १०'-०")<br>३. ८ वटा सटर : (कोठाको साइज १०'-०"x १०'-०" )<br>बलेनी:<br>१. क्याफे भवन: (किचन स्टोर ८'-०"x १३'-६" ,किचन १०'-४"x १३'-६" ,डाइनिङ्ग नं १ २७'-६"x १३'-६",डाइनिङ्ग नं २ २७'-३"x १३'-६" ,जेन्स ट्वाइलेट १३'-६"x ६'-४" र लेडिज ट्वाइलेट १३'-६"x ६'-४" )<br>२. जेन्स चेनजिङ्ग भबन: (जेन्स चेनजिङ्ग रुम १४'-९"x १०'-०" , र जेन्स ट्वाइलेट १३'-९"x १०'-०")<br>३. लेडिज चेनजिङ्ग भबन: ( लेडिज चेनजिङ्ग रुम १४'-९"x १०'-०" , र लेडिज ट्वाइलेट १३'-९"x १०'-०")<br>४. क्यास काउन्टर: ११'-३"x ११'-३" | १०,००,०००।- (मु.अ.कर बाहेक) | १०००।- |
| २ | ०२/०७९/८० | भवन भाडामा लगाउने(सोलाभन्ज्याङ्गमा निर्मित सटर) सम्बन्धी कार्य | ३ वटा सटर : (कोठाको साइज १०'-०"x १०'-६" ) | २,५२,०००।- (मु.अ.कर बाहेक) | १०००।- |

नि. प्रमुख प्रशासकिय अधिकृत